नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक १०५ २०८३ साल मंसिर ५ गते शनिबार (21 Nov 2026 Saturday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : वित्तीय संघीयताका लागि... ३ पृष्ठमा : प्रधानमन्त्रीको भारत भ्रमण... ३ पृष्ठमा : इरानको चेतावनी : सर्त मान,...

मालपोत कार्यालय अगाडीका अवैध टहरा हटाइँदै



दैनिक समाचारदाता
राजविराज, ४ मंसिर ।

राजविराज नगर क्षेत्रको विभिन्न सडकका पेटीहरु अतिक्रमण भइरहेको जनगुनासो बढ्दै जाँदा नगरपालिका अतिक्रमण हटाउन अभियान चलाएको छ ।

सडक पेटी अतिक्रमण गरी अनधिकृत रूपमा टहरा निर्माण गरेर व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीहरूका टहरा हटाउन नगरपालिकाले अभियान चलाएको हो ।

यस क्रममा राजविराजस्थित मालपोत कार्यालय अगाडि सडक पेटी नै अतिक्रमण गरी विभिन्न व्यवसाय सञ्चालन गर्दै आएको भन्दै जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा र राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनको अगुवाइमा अतिक्रमित संरचना हटाउन थालिएको छ ।

सार्वजनिक सडक तथा सडक पेटी अतिक्रमण हुँदा सर्वसाधारण पैदलयात्रीलाई आवतजावतमा समस्या हुनुका साथै सडक क्षेत्र साँघुरिँदै गएको गुनासो बढेपछि प्रशासन र नगरपालिकाले संयुक्त रूपमा अतिक्रमण हटाउने अभियान अघि बढाउन अग्रसर भएको हो ।

सार्वजनिक सडक तथा सडक पेटीलाई अतिक्रमणमुक्त बनाई पैदलयात्रीको सहज आवागमन सुनिश्चित गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको जनाइएको छ ।

कारको ठक्करबाट पैदल यात्रीको मृत्यु

दैनिक समाचारदाता
जनकपुर, ४ मंसिर ।

धनुषामा कारको ठक्करबाट एक पैदल यात्रीको मृत्यु भएको छ । जिल्लाको मिथिला नगरपालिका १० स्थित सडकमा बुटवलबाट झापातर्फ जाँदै गरेको लु.प्र.०१-००१ च २५९९ नम्बरको कारको ठक्करबाट एक पैदल यात्रीको मृत्यु भएको हो ।

नाम, थर र वतन नखुलेका अन्दाजी ३० वर्षीय पुरुषको शुक्रबार दिउँसो सो दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको सरकारी अस्पताल बर्दिबासमा उपचारको क्रममा मृत्यु भएको हो ।

प्रहरीले कार चालकलाई नियन्त्रणमा लिई दुर्घटनाको सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।

संविधानको मर्म बमोजिम स्थानीय तह र प्रदेशसभाको निर्वाचन हुन्छ : आयोग

काठमाडौं, ४ मंसिर (रासस) ।

निर्वाचन आयोगले संविधान र कानुनको मर्म बमोजिम स्थानीय तह र प्रदेशसभाको निर्वाचन हुने स्पष्ट गरेको छ । राष्ट्रिय मान्यता प्राप्त दलका शीर्ष नेताहरूसँग शुक्रबार यहाँ आयोजित कार्यक्रममा निर्वाचनको सम्भावित मितिबारे छलफल भएको हो ।

छलफल पश्चात् आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले स्थानीय र प्रदेशसभाको निर्वाचन एकै समयमा हुनुपर्ने र सम्बन्धित तहका जनप्रतिनिधिको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगावै गर्नुपर्ने संविधानको मर्मअनुसार परामर्श भएको बताउनुभयो । सो विषयमा आन्तरिक छलफलपछि आयोग र सरकारलाई ठोस

बाँकी अन्तिम पृष्ठमा

सप्तरीका १६ खेलाडीसहित राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि भारोत्तोलन खेलाडी चयन

दैनिक समाचारदाता
राजविराज, ४ मंसिर ।

१० औं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तरगत भारोत्तोलन खेलका लागि मधेश प्रदेशका खेलाडीहरुको शुक्रबार चयन गरिएको छ ।

भारोत्तोलन खेलका लागि मधेश प्रदेश टोलीमा २० जना खेलाडीहरुको चयन गरिएको हो । जसमा सप्तरीकै १६ जना खेलाडीहरु परेका छन् ।

टोलीमा सप्तरीका १० महिला र ६ जना पुरुष खेलाडीको चयन गरिएको छ बाँकी ४ जना अन्य जिल्लाका रहेको भारोत्तोलनका प्रशिक्षक पुन्तिलाल यादवले जानकारी दिए ।


महिलातर्फ सप्तरीका ममता शर्मा ४९ किलो तौल समूह, अमृता कुमारी यादव ५३ किलो तौल समूह, प्रमिला कुमारी राम ५७ किलो तौल समूह, सुष्मा यादव ६१ किलो तौल समूह, लक्ष्मी कुमारी दास ६९ किलो तौल समूह, उषा यादव, सन्ध्या साह, अंजली ठाकुर ४९ किलो तौल समूह, अंजली यादव ५७



किलो तौल समूह र लक्ष्मी यादव ५३ किलो तौल समूहमा चयन भएकी छिन् ।

यस्तै पुरुषतर्फ मोहन यादव ६० किलो तौल समूह, रामकुमार यादव ६५ किलो तौल समूह, सुनिल यादव ७० किलो तौल समूह, निरज गुप्ता ७५ किलो तौल समूह, कृष्ण देव चौधरी ८५ किलो तौल समूह, विवेकानन्द दास ९५ किलो तौल समूह, संजय यादव ११० किलो तौल समूह, बचुलाल चौधरी प्लस ११० किलो तौल समूह, राकेश साफी र अशोक कुमार यादव चयन भएका छन् ।

मंसिर १६ गतेदेखी कर्णाली प्रदेशमा हुने राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तरगत भारोत्तोल खेल सुर्खेत जिल्लामा मंसिर २३ गतेदेखी हुनेछ ।



सम्पादकीय

चिसो मौसमको आगमनसँगै सतर्कता अपनाऔँ

मंसिर महिना सुरु भएसँगै मौसममा चिसोपन बढ्न थालेको छ । बिहान र बेलुकाको समयमा चिसो हावा चल्ने तथा तापक्रम घट्ने क्रमसँगै जनजीवन प्रभावित हुन थालेको छ । विशेषगरी बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घरोगीहरू चिसो मौसमबाट बढी प्रभावित हुने भएकाले समयमै सतर्कता अपनाउनु आवश्यक छ । चिसो मौसममा रुघाखोकी, ज्वरो, निमोनिया, दम तथा श्वासप्रश्वाससम्बन्धी समस्या बढ्ने सम्भावना हुन्छ । त्यसैले आफ्नो स्वास्थ्यप्रति सचेत रहनु सबैको दायित्व हो । न्यानो कपडा लगाउने, चिसोबाट शरीरलाई जोगाउने, तातो तथा पोषिलो खानेकुरा खाने र व्यक्तिगत सरसफाइमा ध्यान दिनुपर्छ। बालबालिका तथा वृद्धवृद्धालाई विशेष हेरचाह गर्नुपर्छ ।

विशेषगरी तराई-मधेशका जिल्लामा शीतलहर र बाक्लो हुस्सुले जनजीवन कष्टकर बनाउने गरेको छ । सप्तरीलगायतका जिल्लामा शीतलहरका कारण दैनिक ज्यालादारी गर्ने मजदुर, किसान, विपन्न परिवार तथा सडकमा बसोबास गर्ने मानिसहरू बढी समस्यामा पर्ने गरेका छन् । यस्तो अवस्थामा स्थानीय सरकार र सम्बन्धित निकायले समयमै आवश्यक तयारी गर्नुपर्छ । खासगरि विपन्न तथा असहाय परिवारलाई न्यानो कपडा, कम्बल र दाउराको व्यवस्था गर्नुका साथै सार्वजनिक स्थानमा आगो ताप्ने सुरक्षित व्यवस्था मिलाउनुपर्छ । स्वास्थ्य संस्थाहरूलाई पनि चिसोबाट हुने रोगको उपचारका लागि तयारी अवस्थामा राख्नुपर्छ । साथै, चिसोका कारण विद्यालय जाने बालबालिकाको स्वास्थ्यमा पर्न सक्ने असरलाई ध्यान दिँदै आवश्यक सावधानी अपनाउनुपर्छ ।

तसर्थ चिसो मौसम प्राकृतिक प्रक्रिया हो, तर पूर्वतयारी र सावधानी अपनाउन सके यसबाट हुने जोखिम न्यूनीकरण गर्न सकिन्छ । आगो ताप्दा आगलागी तथा निसास्सिने जोखिमबाट समेत सचेत रहनुपर्छ । त्यसैले चिसो मौसमको आगमनसँगै नागरिक स्वयं सचेत बनौं र स्थानीय सरकार पनि जिम्मेवार बनौं ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

वित्तीय संघीयताका लागि गर्नुपर्ने बहस

डा दीपेन्द्र रोकाया

काठमाडौँ, ४ मंसिर (रासस) ।

नेपालको सङ्घीयता कार्यान्वयनको एक दशक पुग्न लाग्दा यसको उपलब्धि, कमजोरी र भावी दिशाबारे गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारलाई अधिकार दिएको छ । तर के ती अधिकारअनुसार काम गर्ने स्रोत, साधन, कर्मचारी र प्रशासनिक संरचना पनि हस्तान्तरण भए ? जिम्मेवारी तल पुग्यो, तर बजेट र निर्णय गर्ने अधिकार माथिमै केन्द्रित रह्यो कि ? नागरिकले सरकार घरदैलोमा आएको अनुभूति गरे कि सरकारी कार्यालय र पदाधिकारी मात्र थपिए ? यस्ता प्रश्नको वस्तुनिष्ठ उत्तर खोज्नु नै अहिलेको आवश्यकता हो ।

२०८३ कात्तिक १६ गते सुर्खेतमा सातै प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्रीहरूको सहभागितामा सम्पन्न प्रदेश आर्थिक मामिला परिषद्को बैठकले वित्तीय सङ्घीयताका यिनै पेचिला विषयलाई राष्ट्रिय बहसमा ल्याएको छ । सङ्घीयता सफल बनाउन अधिकारको बाँडफाँटसँगै वित्तीय स्रोत, प्रशासनिक क्षमता र जिम्मेवारीको न्यायोचित बाँडफाँट हुनुपर्छ । यसका लागि बैठकले मूल चारबुँदे साझा प्रतिबद्धतापत्र जारी गरेको छ । यसमा सङ्घीय सरकारसमक्ष उठाउनुपर्ने साझा मागहरु १० वटा, अन्तर प्रदेश सहकार्य र साझेदारीका लागि चार वटा, सङ्घीयता सुदृढीकरणका लागि सातै प्रदेशको साझा प्रतिबद्धता पाँच वटा र विविधमा तीन विषय छन् ।

अधिकार संविधानमा, नियन्त्रण सङ्घमा

नेपालको संविधानको धारा ५६, ५७ र अनुसूची ५ देखि ९ सम्मले तीन तहका सरकारका अधिकार सूचीबद्ध गरेका छन् । प्रदेशलाई प्रहरी प्रशासन, प्रदेश सडक, कृषि, स्वास्थ्य, सिँचाइ र भूमि व्यवस्थापनलगायत अधिकार दिइएको छ । स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय सडक, खानेपानी, सरसफाइ र स्थानीय कर परिचालनको जिम्मेवारी छ । धारा ६० ले राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको आधार दिएको छ ।

राज्यको स्रोतमा तीनै तहको संवैधानिक हक स्थापित भएको छ तर राजस्व सङ्कलन र स्रोत परिचालनको ठूलो हिस्सा सङ्घमै केन्द्रित छ । खर्च गर्ने जिम्मेवारी प्रदेश र स्थानीय तहलाई दिने तर त्यसअनुसार स्रोत उपलब्ध नगराउने प्रवृत्तिले वित्तीय सङ्घीयताको जग कमजोर बनाएको छ ।

अर्को समस्या अधिकारको अस्पष्टता हो । साझा अधिकारका विषयमा कानुन निर्माणमा ढिलाइ छ । सङ्घीय कानुनसँग प्रदेशका कानुन बाझिने अवस्था छ । प्रदेशको एकल अधिकार क्षेत्रमा समेत सङ्घीय हस्तक्षेपको अनुभूति कायम छ । यसको ज्वलन्त उदाहरण प्रदेश प्रहरी हो । संविधानले प्रदेशलाई प्रहरी प्रशासनको अधिकार दिए पनि अझै प्रदेश प्रहरी हस्तान्तरण हुन सकेको छैन । अधिकार संविधानमा हुने तर कार्यान्वयन सङ्घको नियन्त्रणमा रहने अवस्था अन्त्य नभएसम्म प्रदेश सरकारको औचित्य र प्रभावकारिता स्थापित हुन सक्दैन ।

जिम्मेवारी तल, बजेट माथि

सुर्खेत बैठकमा उठेको महत्त्वपूर्ण विषय बजेटको असन्तुलित वितरण थियो । नागरिक विकास खोज्दै पालिकामा पुग्छन्, प्रदेशसँग अपेक्षा गर्छन् तर विकासका लागि उपलब्ध बजेटको ठूलो हिस्सा सङ्घमै रहन्छ । बैठकमा हाल ७० प्रतिशत सङ्घ, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहमा रहने बजेट संरचनालाई परिवर्तन गरी ४० प्रतिशत सङ्घ, ३० प्रतिशत प्रदेश र ३० प्रतिशत स्थानीय तहमा पुऱ्याउने प्रस्तावसमेत उठ्यो । यो संवैधानिक अनुपात होइन, स्रोत र जिम्मेवारीबीच सन्तुलन खोज्ने नीतिगत प्रस्ताव हो ।

विश्व बैंकको नेपाल फिस्कल फेडेरालिजम अपडेट २०२४ अनुसार आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहको कूल राजस्वमा अन्तरसरकारी वित्तीय हस्तान्तरणको हिस्सा ७४.३ प्रतिशत थियो । यसले स्थानीय तहको वित्तीय निर्भरता देखाउँछ । त्यसैगरी, आर्थिक वर्ष २०७५/७६ मा सङ्घीय बजेटको ३३.६ प्रतिशत रहेको प्रदेश तथा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण आव २०८३/८४ मा २८.२ प्रतिशतमा झरेको पाइन्छ । जिम्मेवारी बढ्दै जाने तर स्रोतको हिस्सा घट्दै जाने अवस्थाले सङ्घीयताको परिणाम कमजोर बनाउँछ । त्यसैले वित्तीय हस्तान्तरणको सूत्र पुनरावलोकन गरी प्रदेश र स्थानीय तहको खर्च गर्ने क्षमता तथा विकासको आवश्यकताअनुसार स्रोत उपलब्ध गराउनुपर्छ ।

भौगोलिक न्याय र वित्तीय समानीकरण

वित्तीय समानीकरण भनेको सबै प्रदेश र पालिकालाई बराबर रकम बाँड्नु होइन । सबै नागरिकले तुलनायोग्य सार्वजनिक सेवा पाउने अवस्था सिर्जना गर्नु हो । कर्नालीको हिमाली गाउँमा विद्यालय, स्वास्थ्य संस्था वा सडक निर्माण गर्न लाग्ने लागत र तराईको सुगम क्षेत्रमा लाग्ने लागत समान हुँदैन । त्यसैले जनसङ्ख्यालाई मात्र बजेट बाँडफाँटको आधार बनाउनु न्यायोचित हुँदैन ।

भारतले वित्त आयोगमार्फत जनसङ्ख्या, आयको दूरी, क्षेत्रफल, वन तथा पारिस्थितिक अवस्थालाई आधार बनाउने गरेको छ । क्यानडाको 'इक्वालाइजेशन कार्यक्रम'ले कमजोर राजस्व क्षमता भएका प्रान्तलाई सङ्घीय स्रोतबाट सहायता उपलब्ध गराउँछ । नेपालले पनि भूगोलको विकटता, विकासको पछौटेपन, मानव विकास सूचक, पूर्वाधारको अवस्था र सेवा प्रवाहको लागतलाई वित्तीय हस्तान्तरणको आधार बनाउनुपर्छ । कर्नाली, सुदूरपश्चिम र मधेसका पछाडि परेका बस्तीलाई विशेष प्राथमिकता दिनुपर्छ । समानता भनेको सबैलाई एउटै जुत्ता दिनु होइन, सबैलाई हिँड्न सक्ने बनाउनु हो ।

अधिकारको प्रत्यायोजनको सवाल

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानको व्यवस्था गरेको छ तर सशर्त अनुदानको अत्यधिक प्रयोगले प्रदेश र स्थानीय तहको निर्णय गर्ने स्वतन्त्रता खुम्च्याएको छ । सङ्घले योजना छनोट गर्ने, बजेट तोक्ने र कार्यान्वयनको जिम्मेवारी तल्लो तहलाई दिने प्रवृत्ति सङ्घीयताको मर्मविपरीत छ ।

सशर्त अनुदानलाई राष्ट्रिय प्राथमिकता र न्यूनतम सेवा मापदण्डमा सीमित गर्दै वित्तीय समानीकरण अनुदान बढाउनुपर्छ । प्रदेश र स्थानीय तहले आफ्ना आवश्यकता र प्राथमिकताअनुसार योजना छनोट गर्न पाउनुपर्छ । सङ्घले नियमन, मापदण्ड र नतिजाको अनुगमन गर्नुपर्छ । यससँगै कर्मचारी र प्रशासनिक संरचनाको हस्तान्तरण पनि आवश्यक छ । अधिकार दिएर कर्मचारी नदिने, जिम्मेवारी दिएर बजेट नदिने र परिणाम माग्ने प्रवृत्ति अन्त्य हुनुपर्छ ।

संरचना होइन, सेवा प्रवाहमा सुधार

सङ्घीयता खर्चिलो भयो भन्ने बहस पनि उठ्ने गरेको छ तर सङ्घीयताअघिको प्रशासनिक संरचना पनि खर्चरहित थिएन । केन्द्र, विकास क्षेत्र, अञ्चल, जिल्ला, इलाका, डिभिजन, नगरपालिका र गाविसमा कार्यालय, कर्मचारी, भवन र सवारीसाधन थिए । त्यसैले सङ्घीयताको वास्तविक अतिरिक्त खर्च र पुरानो खर्चको पुनः वितरण छुट्याएर अध्ययन गर्नुपर्छ । प्रदेश र स्थानीय तहका संरचना लोकतान्त्रिक प्रतिनिधित्वका आधार हुन् तर मन्त्रालय, कार्यालय र पदाधिकारी थपिँदै जानुलाई उपलब्धि मान्न सकिँदैन । कार्यभारअनुसार सङ्मा करिब नौ र प्रदेशमा पाँचवटासम्म मन्त्रालय भए पुग्ने भन्ने स्वतन्त्र अध्ययनका निष्कर्षलाई पनि सङ्गठन पुनःसंरचनाको बहसमा लिन सकिन्छ ।

हरेक जिल्लामा एउटै कामका लागि सङ्घ, प्रदेश र स्थानीय तहका समानान्तर कार्यालय किन चाहियो ? सङ्घले प्रमुख जिल्ला अधिकारीको कार्यालय, प्रदेशले जिल्लामा एकीकृत विकास कार्यालय स्थापना गरी विभिन्न विषयगत कार्यालयलाई शाखाका रूपमा सञ्चालन गर्नसक्छ । यसले प्रशासनिक खर्च घटाउनुका साथै समन्वय र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सक्छ । अनुगमनका नाममा पूर्व जाँदा पाथीभारा र पश्चिम जाँदा रारा पुग्ने प्रवृत्ति पनि सच्याउनुपर्छ । अनुगमन भनेको घुमफिर वा औपचारिक उपस्थिति होइन, कामको गुणस्तर, बजेटको उपयोग र नागरिकले पाएको उपलब्धिको मूल्याङ्कन हो । हाजिर गरे जागिर र काम गरे अतिरिक्त खर्च खोज्ने प्रवृत्तिले सार्वजनिक प्रशासनलाई कमजोर बनाउँछ । कर्मचारी र जनप्रतिनिधिले आफ्नो जिम्मेवारीलाई सेवा भावसँग जोड्नुपर्छ ।

बजेटको आकारभन्दा उपयोग महत्वपूर्ण

बजेट कम भयो भन्ने गुनासो एकातिर छ भने विनियोजित बजेटको प्रभावकारी परिचालन अर्को चुनौती हो । साना र टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिले विकासको प्रतिफल कमजोर बनाएको छ । योजना छनोट गर्दा राजनीतिक पहुँच, व्यक्तिगत स्वार्थ र तत्कालीन लोकप्रियताभन्दा आवश्यकता, सम्भाव्यता र दीर्घकालीन प्रतिफललाई आधार बनाउनुपर्छ । मधेश प्रदेशले कम्तीमा एक करोड रुपैयाँभन्दा तलका योजना विनियोजन नगर्ने नीति लिन खोजेको विषय यस सन्दर्भमा विचारणीय छ । सबै ठाउँमा एउटै सीमा लागू गर्न सम्भव नहोला, तर साना योजनामा बजेट छर्ने प्रवृत्ति रोक्ने सन्देश सकारात्मक छ ।

नेपालको भौतिक पूर्वाधारको अवस्था हेर्दा अझै तीन दशकसम्म योजनाबद्ध रूपमा पूर्वाधार निर्माणमा लगानी गर्नुपर्ने देखिन्छ । त्यसैले सडक, सिँचाइ, खानेपानी, शिक्षा र स्वास्थ्यका अधुरा तथा रणनीतिक महत्त्वका आयोजनालाई प्राथमिकता दिनुपर्छ । प्रदेश र स्थानीय तहले कानुनबमोजिम आन्तरिक ऋण परिचालन गर्न सक्ने व्यवस्था भए पनि यसको अभ्यास कमजोर छ । ऋण लिनु उपलब्धि होइन; उत्पादनशील पूर्वाधार र दीर्घकालीन प्रतिफल दिने आयोजनामा लगानी गर्न सक्ने क्षमता महत्वपूर्ण हो । यसका लागि आयोजना बैंक, सम्भाव्यता अध्ययन र वित्तीय अनुशासन आवश्यक छ ।

साझेदारीबाटै सङ्घीयताको सबलीकरण

सङ्घले राष्ट्रिय आर्थिक स्थायित्व, न्यायोचित राजस्व बाँडफाँट र राष्ट्रिय मापदण्डको जिम्मेवारी लिनुपर्छ । प्रदेशले प्रदेशस्तरीय पूर्वाधार, स्थानीय तहबीच समन्वय र आन्तरिक असमानता घटाउने काम गर्नुपर्छ । स्थानीय तहले नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने, स्थानीय राजस्व बढाउने र सेवा प्रवाह प्रभावकारी बनाउने जिम्मेवारी लिनुपर्छ । संविधानको धारा २३२ ले तीनै तहको सम्बन्ध सहअस्तित्व, समन्वय र सहकारितामा आधारित हुने व्यवस्था गरेको छ । त्यसैले जसरी सङ्घले प्रदेशको कार्यक्षेत्रमा अनावश्यक हस्तक्षेप गर्नुहुँदैन, त्यसरी नै प्रदेशले पनि स्थानीय तहको अधिकार क्षेत्रमा प्रवेश गर्नु हुँदैन । अधिकारको सम्मान तीनै तहबाट समान रूपमा हुनुपर्छ ।

कर्मचारी र जनप्रतिनिधिको अर्को महत्त्वपूर्ण पक्ष आफ्नो कार्यक्षेत्रको पैरवी हो । जो जहाँ जिम्मेवारीमा छ, त्यहाँको आवश्यकता र अधिकारका पक्षमा दृढतापूर्वक बोल्नुपर्छ तर आफ्नो कार्यक्षेत्रबाट अर्को ठाउँमा पुगेपछि त्यहाँको समस्या र आवश्यकतालाई बिर्सनुहुँदैन । कर्नालीको पक्षमा बोल्नेले मधेशको समस्या पनि बुझ्नुपर्छ । मधेसको पक्षमा बोल्नेले हिमाली भूगोलको कठिनाइ पनि आत्मसात् गर्नुपर्छ । सङ्घीयता भनेको आआफ्नो क्षेत्रको स्वार्थ मात्र होइन, समग्र राष्ट्रको सन्तुलित विकासका लागि साझा पैरवी हो ।

अब अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको पुनरावलोकन, वित्तीय हस्तान्तरणको न्यायोचित सूत्र, अधिकारको स्पष्ट कार्यविभाजन, प्रशासनिक पुनःसंरचना र प्रदेशको वित्तीय स्वायत्तता कार्यान्वयनका प्राथमिकता बन्नुपर्छ । प्रदेश आर्थिक मामिला परिषद्ले सातै प्रदेशका साझा समस्या पहिचान गरी संयुक्त सुझाव सङ्घीय सरकारसमक्ष प्रस्तुत गर्ने नियमित संयन्त्रका रूपमा काम गर्नसक्छ ।

सङ्घीयताको सफलता मन्त्रालयको सङ्ख्या, पदाधिकारीको सङ्ख्या वा बजेटको आकारले मापन हुँदैन । नागरिकले पाउने सेवाको गुणस्तर, विकासको पहुँच र अवसरको समानताले मापन हुन्छ । सङ्घले अधिकार र स्रोत आफैँमा केन्द्रित गरेर प्रदेश तथा स्थानीय तहबाट परिणाम खोज्न मिल्दैन । प्रदेशले पनि सङ्घको मुख ताकेर बस्न मिल्दैन । स्थानीय तहले आफ्नो

बाँकी अन्तिम पृष्ठमा

प्रधानमन्त्रीको भारत भ्रमण : द्विपक्षीय हित र सम्बन्ध विस्तारमा केन्द्रित हुन पूर्वपरराष्ट्रमन्त्रीहरूको सुझाव

कमलकुमार बस्नेत
काठमाडौँ, ४ मंसिर (रासस)।

पूर्वपरराष्ट्रमन्त्रीहरुले प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमण दुई देशको हित, आपसी सम्बन्ध, व्यापार तथा 'केनेक्टिभिटी'लगायतका मुद्दामा केन्द्रित हुनुपर्ने सुझाव दिनुभएको छ।

उहाँहरुले नेपाल-भारतबीच लामो समयदेखिको जनस्तरको सम्बन्ध र आपसी विश्वासलाई अभिवृद्धि गर्दै दुई देशको हित हुने खालका सम्झौता गर्नुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री शाह यही मङ्सिर ६ गते भारतको दुई दिने औपचारिक भ्रमणमा त्यसतर्फ जाँदै हुनुहुन्छ। उहाँ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारत भ्रमणमा जान लाग्नुभएको हो।

यसै सन्दर्भमा पूर्वपरराष्ट्रमन्त्री डा प्रकाशशरण महतले नेपालको मुख्य चासो र चिन्ता व्यापार घाटा भएकाले भ्रमणका क्रममा यसलाई प्राथमिकताका साथ उठान गर्न आवश्यक भएको बताउनुभयो। भ्रमणका क्रममा भारतसँगको व्यापारघाटा कम गर्ने उपायलाई प्राथमिकतामा राख्दै नेपालबाट हुनसक्ने सेवा तथा वस्तुको निर्यातमा सहजीकरणका सन्दर्भमा काम गर्नुपर्ने उहाँको भनाइ छ।

त्यसैगरी, सीमासँग सम्बन्धित विषय र भैरहवा अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनको विषय पनि प्राथमिकताका साथ उठान गर्न आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

"नेपाल र भारतको सम्बन्ध विविधतामा आधारित छ, यो सम्बन्धलाई दीर्घकालीन विश्वासको सम्बन्धमा विकसित गराउनुपर्छ त्यसमा पनि विशेष ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "भ्रमणलाई फलदायी बनाउन दुवै देशका चासो र चिन्तालाई सम्बोधन हुने गरी कार्यक्रमहरु अगाडि बढाउनुपर्छ।" उहाँले भारतको पनि चासोलाई मध्यनगर गर्दै हाम्रो संवेदनशीलता र राष्ट्रिय हित अनुकूल हुने गरी आफ्ना विषय भारतसामु राख्न आवश्यक भएको बताउनुहुन्छ।

पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवाली प्रधानमन्त्री शाहको भारत भ्रमण दुई देशबीचको विश्वासलाई बलियो बनाउने कुरामा केन्द्रित हुनुपर्ने बताउनुहुन्छ। "छिमेकीका जायज सरोकारहरू सुन्नुपर्छ र विश्वासको वातावरण निर्माण गर्नुपर्छ। त्यसैले यो भ्रमण मुख्य रूपमा विश्वास अभिवृद्धिमा केन्द्रित हुनुपर्छ भन्ने मलाई लाग्छ", उहाँले भन्नुभयो।

यसैगरी, पूर्वपरराष्ट्रमन्त्री सुजाता कोइरालाले प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा विगतमा सरकारले अगाडि बढाउन खोजेका अधुरा कामलाई पूरा गर्नेतर्फ लाग्नुपर्ने सुझाव दिनुहुन्छ। उहाँका अनुसार आजका लागि महत्वपूर्ण विषय हवाईमार्गको हो। नेपालले थप हवाईमार्ग प्राप्त गर्न सकेको खण्डमा दुवै देशलाई फाइदा पुग्ने उहाँको विश्वास छ। "दुवै देशबीच थप हवाईमार्गमा सहमति भयो भने यसले क्षेत्रीय पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग गर्छ, दुवै देशका नागरिकको आवतजावत बढ्छ, व्यापार विस्तार हुन्छ र दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनाउन मद्दत पुग्छ", उहाँले भन्नुभयो।

उहाँका अनुसार नेपालले उठाएका माग र प्रस्तावमध्ये कुन-कुन विषय सम्भव छन् भन्नेबारे पनि आपसी समझदारी आवश्यक छ। साथै सबै पक्षलाई राम्रोसँग बुझेर सहकार्य गर्न सके दुवै देश लाभान्वित हुने उहाँको भनाइ छ।

पूर्वपरराष्ट्रमन्त्री उपेन्द्र यादवले प्रधानमन्त्री शाहको भारत भ्रमणका क्रममा दुई देशको सम्बन्धलाई परस्पर विश्वास अभिवृद्धिमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। दुई देशको सम्बन्धमा अलि तिक्तताजस्तो देखिएको थियो, त्यसलाई आपसी समझदारीसहित विश्वासमा बदल्नुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँले भन्नुभयो, "भ्रमणलाई फलदायी बनाउन दुवै देशको हितमा हुने गरी लगानी, विकास र व्यापारलाई प्राथमिकतका दिनुपर्छ, यी तीन वटा क्षेत्रमा ध्यान दिन सकियो भने समृद्धिको दिशातर्फ अगाडि बढ्न सकिन्छ। यसका लागि पहिले परस्पर विश्वास र मित्रता आवश्यक छ।"

उहाँका अनुसार नेपाल-भारतबीचमा रहेका पारवहनका समस्या, हवाईमार्ग र सीमामा देखिएका विवादलाई समाधान गर्न पनि आवश्यक छ। त्यसबाहेक सुरक्षाका विषयमा एक अर्कालाई बुझाउने र आश्वस्त पार्ने वातावरण निर्माण बनाउन जरुरी भएको उहाँले उल्लेख गर्नुभयो। त्यसैगरी दुई देशबीचको सीमामा नागरिकले भोग्नु परेको समस्या समाधानमा पनि ध्यान दिन आवश्यक रहेको पूर्वपरराष्ट्रमन्त्री यादवले बताउनुभयो।

उहाँले भन्नुभयो, "भारत भ्रमणका क्रममा नेपालमा जलस्रोतको विकास, बिजुलीको व्यापार पनि महत्वपूर्ण विषय हो, बङ्गलादेशमा विद्युत् निर्यातका लागि पनि भारतको साथ हामीलाई आवश्यक हुन्छ, त्यसमा पनि होसियारीका साथ अगाडि बढ्नुपर्ने आवश्यक छ।"

पूर्वपरराष्ट्रमन्त्री विमला राई पौडेल प्रधानमन्त्री शाहको भारत भ्रमणका क्रममा राजनीतिक र जनताका दैनिकीसँग जोडिएका दुई वटा विषयलाई छुट्टाछुट्टै रुपमा हेरिनुपर्ने बताउनुहुन्छ।

"म भ्रमणको विषयलाई मुख्यतः दुई खेमामा विभाजन गर्छु। पहिलो, राजनीतिक प्रकृतिका विषय हुन्, जसमा धेरै गृहकार्य आवश्यक छ। त्यसका लागि सम्बन्धित समिति र निकायसँग आवश्यक तयारी गर्नुपर्छ। यस्ता विषयमा नेपालको धारणा स्पष्ट रूपमा राख्दै समाधानका लागि पहल गर्नुपर्छ", उहाँले भन्नुभयो, "दोस्रो, जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका विषय हुन्। यसमा व्यापार घाटाको विषय पनि पर्छ। बेलानेस-बेलामा निर्यात रोकिदिने र त्यसले नेपालमा अभाव सिर्जना गर्ने अवस्था पनि देखिएको छ।"

उहाँका अनुसार हवाई मार्गको विषय पनि त्यत्तिकै महत्त्वपूर्ण छ। त्यसबाहेक विद्युत् व्यापार, ठूला भौतिक पूर्वाधारका आयोजनालाई प्राथमिकताका साथ उठान गरिनुपर्ने उहाँको भनाइ छ।

एमालेको राष्ट्रिय भेला सम्पन्नः २१ बुँदे विशेष प्रस्ताव र संकल्प पारित

काठमाडौँ, ४ मंसिर (रासस)।

नेकपा (एमाले)को बिहीबार समपन्न राष्ट्रिय कार्यकर्ता भेलाले लोकतन्त्रको पुनर्बहाली, राष्ट्रिय स्वाधीनताको रक्षा, पार्टीको सङ्गठनात्मक सुदृढीकरण तथा स्थानीय निर्वाचनको तयारीलगायत विषय समेटेर २१ बुँदे समसामयिक विशेष प्रस्ताव र सङ्कल्प पारित गरेको छ।

दुईदिने भेलाले आगामी स्थानीय, प्रदेश र राष्ट्रियसभा निर्वाचनको पूर्वतयारी गर्ने तथा आवश्यक परे राष्ट्रिय स्वाधीनताको रक्षा र लोकतान्त्रिक प्रक्रियाको पुनर्बहालीका लागि आन्दोलनको तयारी गर्ने निर्णय पनि गरेको छ।

'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प, समृद्ध नेपाल, सुखी नेपाली हाम्रो गन्तव्य' मूल नाराका साथ आयोजित भेलामा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको थियो। भेलामा देशभर र प्रवासबाट गरी तीन हजार ४१४ प्रतिनिधिको सहभागिता रहेको थियो।

भेलाले वर्तमान सरकारका कार्य, लोकतन्त्र र संविधानको अवस्था, राष्ट्रिय स्वाधीनता, जनजीविका, बाढीपीडितको पुनःस्थापना, सडक सुरक्षा, अन्तरराष्ट्रिय सम्बन्ध तथा पार्टीको आन्तरिक जीवनका विषयमा धारणा सार्वजनिक गरेको छ।

भेलाले २०८२ भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिनका लागि सक्षम न्यायिक आयोग गठन गर्न र घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन पनि भेलाले माग गरेको एमालेका प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिनुभयो।

पारित प्रस्तावमा संविधान, सङ्घीयता र संवैधानिक संस्थाको संरक्षण गर्नुपर्नेमा जोड दिँदै प्रदेश खारेजी, संवैधानिक निकायमाथिको हस्तक्षेप तथा राज्यका संस्थाहरूलाई राजनीतिक स्वार्थअनुसार परिचालन गर्ने प्रयासप्रति आपत्ति जनाइएको छ।

जनजीविकाका सवालमा महँगी नियन्त्रण, घरायसी प्रयोजनको विद्युत्मा लगाइएको कर फिर्ता, सुकुम्बासीको उचित व्यवस्थापन तथा व्यवसायीका लागि अनुकूल वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराइएको छ। सार्वजनिक सम्पत्ति, राजनीतिक दलका कार्यालय, निजी सम्पत्ति तथा व्यावसायिक प्रतिष्ठानमा भएको तोडफोड र आगजनीमा संलग्नलाई कारबाही गर्न पनि माग गरिएको छ।

राष्ट्रिय स्वाधीनता र परराष्ट्र सम्बन्धका विषयमा भेलाले छिमेकी मुलुकसँगको सम्बन्ध सार्वभौम समानता, पारस्परिक लाभ र सम्मानमा आधारित हुनुपर्ने उल्लेख गरेको छ। प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका सन्दर्भमा सीमा समस्या, असमान सन्धि, प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन, व्यापार घाटा, हवाई प्रवेश बिन्दु र लामो समयदेखि रोकिएका परियोजनाका विषयमा स्पष्ट धारणा राख्न आग्रह गरिएको छ।

भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै भेलाले बाढीपीडितको तत्काल पुनःस्थापना, पुनर्निर्माण र राहत वितरण प्रभावकारी बनाउन माग गरेको छ। बाढी प्रभावित बालबालिका, गर्भवती तथा सुत्केरी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका समस्या प्राथमिकताका साथ सम्बोधन गर्नुपर्नेमा जोड दिइएको छ। बाढीबाट क्षतिग्रस्त पुल तथा सडकको मर्मतसम्भार गरी यातायात सम्पर्कविच्छेद भएका बस्तीलाई जोड्न र वैज्ञानिक अध्ययनका आधारमा बस्ती पुनर्निर्माण गर्न पनि आग्रह गरिएको छ।

जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको विपत्तिलाई जलवायु न्यायको विषयका रूपमा उठाउँदै अन्तरराष्ट्रिय मञ्चमा नेपालको प्रभावकारी कूटनीतिक भूमिका आवश्यक रहेको प्रस्तावमा उल्लेख छ। त्यस्तै, बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि सडक स्तरोन्नति, सवारीसाधनको गुणस्तर परीक्षण र चालकको सीप तथा अनुशासन कायम गर्न माग गरिएको छ।

भेलाले राष्ट्रिय हित, लोकतन्त्र र संविधानको रक्षाका लागि सबै देशभक्त, लोकतन्त्र र संविधान पक्षधर राजनीतिक दल, नागरिक

बाँकी अन्तिम पृष्ठमा

विश्व समाचार

इरानको चेतावनी : सर्त मान, नत्र युद्धको सामना गर

तेहरान, ४ मङ्सिर (रासस/एएनआई)।

इरानले अमेरिकालाई आफ्नो सर्त स्वीकार गर्न वा पुनः युद्धको सामना गर्न चेतावनी दिएको छ। इरानले युद्ध र शान्तिबीचको अनिश्चित अवस्था स्वीकार नगर्ने स्पष्ट पार्दै कुनै पनि नयाँ आक्रमणको कडा प्रतिकार गर्ने जनाएको छ। इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजीसी) का प्रवक्ता ब्रिगेडियर जनरल हुसेन मोहेबीले बिहीबार इरान सबै सम्भावित सैन्य परिस्थितिको सामना गर्न पूर्ण रूपमा तयार रहेको बताउनुभएको छ। उहाँले पछिल्लो द्वन्द्वपछि इरानको सैन्य क्षमता विस्तार भएको र अमेरिकी सेनाका गतिविधिमाथि निरन्तर निगरानी भइरहेको दाबी गर्नुभयो।

"हामी न युद्धको अवस्था स्वीकार गर्छौं, न त युद्ध र शान्तिबीचको अनिश्चित अवस्था। युद्धको विषय एक पटक र सधैंका लागि टुङ्ग्याउनेछौं। यसको निर्णय युद्धमैदानबाट हुनेछ वा अमेरिकाले इरानका सर्त स्वीकार गर्नुपर्नेछ", उहाँले भन्नुभयो। बाह्र दिने युद्धपछि इरानले हवाई प्रतिरक्षा प्रणालीलाई बलियो बनाएको र स्वदेशमै कम्तीमा तीनवटा नयाँ प्रणाली विकास गरेको उहाँले जानकारी दिनुभयो। ती प्रणाली घरेलु आवश्यकताका लागि पर्याप्त हुनुका साथै निर्यातसमेत भइरहेको उहाँको दाबी छ। इरानले चार हजार ५०० किलोमिटरसम्मको क्षेप्यास्त्र पहुँच प्रदर्शन गरिसकेको उल्लेख गर्दै उहाँले अमेरिकी सैन्य अखडालाई आवश्यक पर्ने लक्षित गर्न सक्ने बताउनुभयो।

मोहेबीले मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अखडा र पर्सियन खाडीमा अमेरिकी नौसैनिक उपस्थितिमा कमी आएको दावी गर्नुभयो। उहाँका अनुसार युद्धअघि खाडीमा करिब ४० अमेरिकी युद्धपोत रहेकामा अहिले कुनै पनि छैनन्। अमेरिकी विमानवाहक जहाज तथा अन्य युद्धपोतलाई क्षेत्रबाट ५०० देखि ७०० किलोमिटर टाढा राखिएको उहाँले बताउनुभयो। अमेरिकी क्षेप्यास्त्र प्रतिरोधी प्रणालीको भण्डारमा समेत कमी आएको उहाँको भनाइ छ। अमेरिकाले पुनः आक्रमण गर्न सक्ने सम्भावनालाई इरानले गम्भीर रूपमा लिएको उल्लेख गर्दै उहाँले अमेरिकी सैनिक तैनाथी, विमान गतिविधि र सैन्य योजनामाथि निगरानी भइरहेको बताउनुभयो। "हाम्रोविरुद्ध शत्रुले जस्तोसुकै कारबाही गरे पनि त्यसको जवाफ कम्तीमा तीन गुणा बढी हुनेछ", उहाँले चेतावनी दिनुभयो।

इरानविरुद्ध आक्रमण गर्न आफ्नो भूभाग प्रयोग गर्न दिने कुनै पनि देश प्रतिशोधको निशानामा पर्न सक्ने उहाँले बताउनुभयो। इरानी बाँध तथा नागरिक पूर्वाधारमाथि आक्रमण भए त्यसको पनि जवाफ दिइने उहाँको भनाइ छ। अमेरिकाले स्थल आक्रमण वा हेलिकप्टरमार्फत छापा मार्ने सम्भावनालाई समेत उहाँले अस्वीकार गर्नुभयो। यसै वर्ष फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले इरानका विभिन्न सहरमा संयुक्त आक्रमण गरेपछि इरानले इजरायल तथा मध्यपूर्वका अमेरिकी सैन्य अखडालाई क्षेप्यास्त्र र ड्रोनबाट लक्षित गरेको थियो। अप्रिल ८ मा युद्धविराम लागू भए पनि त्यसपछि जुन १८ मा भएको समझदारीअनुसार आणविक कार्यक्रम र प्रतिबन्ध फुकुवासम्बन्धी अन्तिम सम्झौताका लागि तय गरिएको वार्तामा प्रगति हुन सकेको छैन। बढ्दो तनावका बीच इरानले अहिलेको अवस्थालाई स्थायी शान्तिका रूपमा नलिएको जनाएको छ।

पाकिस्तानी मन्त्री क्षेत्रीय बैठकमा सहभागी हुन भारतमा

नयाँदिल्ली, ४ मङ्सिर (रासस/एएफपी)।

भारत र पाकिस्तानबीच गत वर्ष भएको घातक सैन्य द्वन्द्वपछि पहिलोपटक पाकिस्तानी सरकारका एक मन्त्री क्षेत्रीय बैठकमा सहभागी हुन शुक्रबार नयाँ दिल्ली आइपुग्नुभएको छ। पाकिस्तानका जलवायु परिवर्तनमन्त्री मुसादिक मलिकले साङ्घाई सहयोग सङ्गठन (एससीओ) को सांस्कृतिक बैठकमा आफ्नो देशको प्रतिनिधित्व गरिरहनुभएको छ। सन् १९४७ मा बेलायती शासनबाट स्वतन्त्र भएयता भारत र पाकिस्तानबीच मुख्यतः काश्मीर क्षेत्रको विवादलाई लिएर पटकपटक युद्ध तथा तनाव हुँदै आएको छ। दुवै देशले दाबी गर्दै आएको मुस्लिमबहुल काश्मीरलाई लिएर गत वर्ष पनि दुई देशबीच चार दिनसम्म सैन्य द्वन्द्व भएको थियो।

पाकिस्तानका पूर्वविदेशमन्त्री बिलावल भुट्टो जरदारीले सन् २०२३ मा भारतको गोवामा आयोजित एससीओ बैठकमा भाग लिनुभएको थियो। त्यसपछि भारतीय विदेशमन्त्री एस जयशङ्कर सन् २०२४ मा इस्लामाबादमा भएको एससीओ बैठकमा सहभागी हुनुभएको थियो। मलिकको भ्रमण त्यसयता पाकिस्तानी मन्त्रीको पहिलो भारत भ्रमण हो। चार दिनसम्म चल्ने बैठकमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एससीओको 'सभ्यतागत संवाद मञ्च' लाई सम्बोधन गर्ने कार्यक्रम छ। क्षेत्रको साझा सभ्यतागत सम्पदाको प्रवर्द्धन, जनस्तरको सम्बन्ध विस्तार तथा अन्तरसांस्कृतिक संवाद र सहकार्यलाई प्रोत्साहन गर्नु बैठकको उद्देश्य रहेको आयोजकले जनाएका छन्।

भारत प्रशासित काश्मीरमा पर्यटकमाथि भएको आक्रमणपछि सन् २०२५ मा दुई देशबीच तनाव चर्किएर सैन्य द्वन्द्वमा परिणत भएको थियो। भारतले उक्त आक्रमणमा पाकिस्तानको समर्थन रहेको आरोप लगाए पनि इस्लामाबादले अस्वीकार गरेको थियो। त्यसपछि ड्रोन, क्षेप्यास्त्र र तोपखानाबाट भएका आक्रमणमा दुवै पक्षका कम्तीमा ७० जनाको मृत्यु भएको थियो। मलिकको भ्रमण भारतका सुरक्षा बलले पाकिस्तानमा सक्रिय संयुक्त राष्ट्रसङ्घद्वारा आतङ्कवादी घोषित लस्कर-ए-तैयबाका कमान्डर लतिफ भटलाई मारेको दुई दिनपछि भएको हो। दुई देशबीचको तनाव खेलकुदमा समेत देखिएको छ। सुरक्षा चिन्ता जनाउँदै पाकिस्तानले यस वर्ष भारतमा आयोजित एसियाली हक्की प्रतियोगिताबाट आफ्नो राष्ट्रिय टोली फिर्ता बोलाएको थियो।

कमला पुलको निर्माण काम अन्तिम चरणमा

जनकपुरधाम, ४ मंसिर (रासस)।

धनुषा र सिरहा जिल्लालाई जोड्ने कमला पुल सञ्चालनमा ल्याउने तयारी तीव्र पारिएको छ। भौतिक पूर्वाधार विकासमन्त्री सुनील लम्सालले केही दिनभित्रै पुल सञ्चालनमा ल्याउने गरी निर्माण कार्य अन्तिम चरणमा पुगेको बताउनुभएको छ।

मन्त्री लम्सालले सामाजिक सञ्जालमार्फत पुल निर्माणको काम अन्तिम चरणमा पुगेको जानकारी दिँदै नदीको च्यानलाइजेसनको काम सम्पन्न हुने अवस्थामा पुगेको उल्लेख गर्नुभएको छ। उहाँका अनुसार पुलको मुख्य संरचनाको निर्माण सम्पन्न भइसकेको छ। पहुँच सडक, रेलिङ, कालोपत्र तथा अन्य फिनिसिङका काम अन्तिम चरणमा छन्।

निर्माण कम्पनी र मन्त्रालयअन्तर्गतको डिभिजन कार्यालयको निरन्तर प्रयासपछि लामो समयदेखि अलपत्रजस्तै रहेको पुल सञ्चालनको तयारी अघि बढेको मन्त्री लम्सालले बताउनुभएको छ।

"डेढ दशकदेखिको प्रतीक्षा अब अन्त्य हुँदैछ। कमला पुल सञ्चालनको नजिक छ", उहाँले लेख्नुभएको छ। कमला पुल सञ्चालनमा आएपछि धनुषा र सिरहासहित मधेस प्रदेशका विभिन्न जिल्लाबीचको आवागमन सहज हुने तथा स्थानीयवासीलाई वर्षौंदेखि भोग्दै आएको यातायात समस्याबाट राहत पुग्ने अपेक्षा गरिएको छ।

प्रधानमन्त्री शाह भारतको राजकीय भ्रमणमा आइतबार नयाँदिल्ली जानुहुँदै

काठमाडौं, ४ मंसिर (रासस)।

प्रधानमन्त्री बालेन्द्र शाहले आगामी आइतबार भारतको राजकीय भ्रमणमा जानुहुने भएको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री शाहले भारतको द्विदिवसीय भ्रमण गर्न लाग्नुभएको हो।

परराष्ट्र मन्त्रालयका अनुसार उहाँ नेतृत्वको प्रतिनिधिमण्डल नेपाल वायुसेवा निगमको विमानबाट नयाँदिल्ली प्रस्थान गर्नेछ। प्रतिनिधिमण्डलमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन्जनकारलगायत नेपाल सरकारका वरिष्ठ अधिकारी सहभागी हुनुहुनेछ।

भ्रमणका क्रममा प्रधानमन्त्री शाहले भारतका राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नुहुनेछ भने प्रधानमन्त्री मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुने कार्यक्रम छ। प्रधानमन्त्री मोदीले प्रधानमन्त्री शाहको सम्मानमा दिवाभोजको आयोजना गर्नुहुनेछ। प्रधानमन्त्री शाहसँग भारतका विदेशमन्त्री एस जयशङ्करले पनि शिष्टाचार भेट गर्नुहुनेछ।

सांस्कृतिक निकटता तथा जनस्तरको घनिष्ठ सम्बन्धमा आधारित नेपाल र भारतबीचको लामो समयदेखिको मैत्रीपूर्ण सम्बन्ध प्रधानमन्त्री शाहको भ्रमणबाट अझ सुदृढ हुने अपेक्षा गरिएको छ। त्यस क्रममा दुई देशबीचको बहुआयामिक सहकार्यको समीक्षा गर्दै पारस्परिक लाभका क्षेत्रमा सहकार्यलाई अघि बढाउने विषयमा छलफल हुने परराष्ट्र मन्त्रालयले केहीबेरअघि जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ। प्रधानमन्त्री शाह मङ्सिर ७ गते स्वदेश फर्कने कार्यक्रम छ।

दुई पूर्वमन्त्रीसहित ६ जनामाथि अनुसन्धान गर्न चार दिनको म्याद थप

काठमाडौं, ४ मंसिर (रासस)।

गैरकानुनी रूपमा मलेसिया पठाउने निर्णयमा संलग्न रहेको आरोपमा पक्राउ परेका दुई पूर्वमन्त्रीसहित छ जनामाथि अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंले चार दिनको म्याद थप गरेको छ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर राय यादवसहित छ जनालाई अनुसन्धानका लागि पक्राउ गरेको थियो।

सिआइबीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक अनुपमशम्शेर जबराका अनुसार पक्राउ पर्ने अन्यमा श्रम मन्त्रालयका तत्कालीन सचिव विनोद केसी, रोजगार व्यवस्थापन महाशाखाका तत्कालीन प्रमुखद्वय उमेश ढुङ्गाना र राजीव पोखरेल तथा तत्कालीन कानुन अधिकृत निर्मला गुरुङ रहेका छन्।

प्रवक्ता जबराले उनीहरूमाथि थप अनुसन्धान गर्न बिहीबार जिल्ला अदालत काठमाडौंबाट चार दिनको म्याद थपको अनुमति प्राप्त भएको जानकारी दिनुभयो।

सिआइबीले मङ्सिर २ गते पक्राउ पुर्जी जारी गर्ने अनुमति लिएर काठमाडौं, ललितपुर र सर्लाहीका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको थियो। मलेसियामा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकसँग ठगी गरी सङ्कलन गरिएको रकम गैरकानुनी रूपमा मलेसिया पठाउने निर्णयमा संलग्न रहेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

सिआइबीका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्र र विकास रानाभाटसहितको जाहेरीका आधारमा उनीहरूमाथि अनुसन्धान अघि बढाइएको हो। पक्राउ परेका छ जनामाथि ठगी तथा सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गत अनुसन्धान भइरहेको सिआइबीले जनाएको छ।

एन्फामाथिको निलम्बन फुकुवा गर्न फिफा सकारात्मक

काठमाडौं, ४ मंसिर (रासस)।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्व फुटबल महासङ्घ (फिफा) र एसियाली फुटबल महासङ्घ (एएफसी)का अध्यक्ष तथा उच्च अधिकारीसँग भेटवार्ता गर्नुभएको छ।

थाइल्यान्डको बैङ्ककमा आयोजित एएफसी अवार्ड्सका अवसरमा मन्त्री पोखरेलले फिफा अध्यक्ष जियानी इन्फान्टिनो, महासचिव माटियास ग्राफस्ट्रोम र एएफसी अध्यक्ष शेख सलमान बिन इब्राहिम अल खलिफासँग भेट गर्नुभएको हो।

भेटवार्ताका क्रममा अखिल नेपाल फुटबल सङ्घ (एन्फा) माथिको निलम्बन फुकुवा गर्ने विषयमा सकारात्मक छलफल भएको मन्त्री पोखरेलले बताउनुभयो। मन्त्री पोखरेलका अनुसार छलफलमा एन्फाको कानुनी प्रक्रिया, तहगत निर्वाचन र निलम्बन फुकुवाका विषयमा कुराकानी भएको थियो।

एन्फाले तहगत निर्वाचन गर्ने सहमति जनाएपछि राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले पनि एन्फामाथिको प्रतिबन्ध फुकुवा गरिसकेको छ। राखेपले प्रतिबन्ध हटाएसँगै फिफाले पनि एन्फामाथिको निलम्बन फुकुवा गर्ने मौखिक सहमति जनाएको बताइएको छ।

यसरी आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरी फिफाबाट निलम्बन फुकुवा हुने अपेक्षा गरिएको छ।

साइबर तथा डिजिटल वित्तीय ठगीको उजुरी १२४७ मा गर्न सकिने

काठमाडौं, ४ मंसिर (रासस)।

नेपाल राष्ट्र बैङ्कले 'साइबर' तथा 'डिजिटल' वित्तीय ठगीसम्बन्धी घटनाको उजुरी तथा गुनासो तत्काल सम्बोधन गराउन १२४७ नम्बरमा सम्पर्क गर्न सर्वसाधारणलाई आग्रह गरेको छ।

राष्ट्र बैङ्कले साइबर तथा डिजिटल वित्तीय ठगीसम्बन्धी उजुरीको सम्बोधनका लागि प्रहरी प्रधान कार्यालयअन्तर्गत साइबर ब्यूरोमा २४सै घण्टा सञ्चालन हुने गरी विभिन्न सरोकारवाला निकायको सहभागितामा एकीकृत साइबर स्क्याम प्रतिकार्य केन्द्र स्थापना गरिएको जनाएको छ।

उक्त केन्द्रको हटलाइन नम्बर १२४७ मा सम्पर्क गरी अनलाइन ठगी, फिसिङ, नक्कली लिङ्क, अनधिकृत कारोबार तथा 'डिजिटल' भुक्तानीसम्बन्धी ठगीका घटनाबारे जानकारी गराउन तथा उजुरी गर्न सकिने राष्ट्र बैङ्कले जनाएको छ।

राष्ट्र बैङ्कले यस्ता ठगीमा परेमा तत्काल उक्त नम्बरमा सम्पर्क गरी जानकारी गराउन र उक्त केन्द्रबाट प्राप्त निर्देशनअनुसार आवश्यक प्रक्रिया अघि बढाउन अनुरोध गरेको छ।

त्यसैगरी, ठगीमा परेमा आफ्नो बैङ्क तथा वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकलाई तत्काल जानकारी गराई बैङ्क खाता तथा डिजिटल वालेट सुरक्षित राख्न आवश्यक पहल गर्न पनि राष्ट्र बैङ्कले आग्रह गरेको छ।

नेपाल-नर्वे जलवायु सहकार्य सुदृढ बनाउनबारे छलफल

काठमाडौं, ४ मंसिर (रासस)।

टर्कीएको अन्ताल्यामा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१) का अवसरमा कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरी र नर्वेका जलवायु तथा वातावरणमन्त्री सिग्रुन ग्जेर्लो आस्लान्डबीच द्विपक्षीय भेटवार्ता भएको छ।

बिहीबार साँझ भएको उक्त भेटमा नेपाल र नर्वेबीचको पाँच दशक लामो कूटनीतिक सम्बन्ध, जलवायु परिवर्तन, हिमाली क्षेत्रको संरक्षण, जलवायु वित्त तथा कार्बन व्यापारका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। सो अवसरमा मन्त्री चौधरीले नेपालको विकासमा नर्वेले पुऱ्याउँदै आएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो।

नर्वेको अन्तरराष्ट्रिय विकास सहयोग नियोगमार्फत नेपालमा ऊर्जा विकासलगायत क्षेत्रमा भइरहेको प्राविधिक तथा आर्थिक सहयोगको प्रशंसा गर्दै मन्त्री चौधरीले भोटेकोसी-त्रिशूली बाढीबाट प्रभावित क्षेत्रमा तत्काल प्रतिकार्यका लागि उपलब्ध गराइएको स्वास्थ्य सामग्री तथा विपद् पूर्वतयारीसम्बन्धी उपकरण सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो। उहाँले जलवायु परिवर्तनका कारण नेपालका हिमनदी पग्लिने क्रम तीव्र बन्दै गएको, हिमाली पारिस्थितिक प्रणाली प्रभावित भएको तथा बाढीपहिरो र अन्य जलवायुजन्य विपद्को जोखिम बढ्दै गएको बताउनुभयो। सीमित स्रोतसाधनका बाबजुद नेपालले जलवायु परिवर्तनको असमानुपातिक असर भोगिरहेको उल्लेख गर्दै उहाँले जलवायु न्याय र अन्तरराष्ट्रिय सहयोगको आवश्यकता औंल्याउनुभयो।

भेटका क्रममा मन्त्री चौधरीले नेपाल, भुटान र कीर्गिज गणतन्त्रको संयुक्त पहलमा अघि बढाइएको हिमाल तथा जलवायु परिवर्तनसम्बन्धी प्रस्तावबारे जानकारी गराउनुभयो। कोप-३१ को मस्यौदा निर्णयमा हिमाली क्षेत्रसम्बन्धी कार्ययोजना र स्थायी एजेन्डा समावेश गर्ने विषयले स्थान पाउनु महत्त्वपूर्ण उपलब्धि भएको उहाँको भनाइ थियो।

उक्त प्रस्तावलाई अन्तिम निर्णयमा कायम राख्न नर्वेको समर्थनका लागि आग्रह गर्दै मन्त्री चौधरीले हिमाली क्षेत्रमा वैज्ञानिक अध्ययन, संवाद तथा तथ्याङ्क व्यवस्थापन, पूर्वसूचना प्रणाली र जलवायु उत्थानशीलता अभिवृद्धिका लागि व्यवस्थित कार्ययोजना आवश्यक रहेको बताउनुभयो।

संविधानको मर्म ...

सुझाव दिने शीर्ष नेताहरूले विश्वास दिलाउनुभएको उहाँको भनाइ छ।

प्रवक्ता भट्टराईले योग्य मतदाता कोही पनि मतदाता नामावलीमा छुट्न नहुने र एउटै मतदाताको नाम दोहोरिन नहुने विषयलाई आयोगले प्राथमिकतामा राख्नुका साथै आयोगद्वारा गरिएका सुधारात्मक कामबारे नेताहरुलाई जानकारी गराइएको जानकारी दिनुभयो। मतदाता नामावलीलाई राष्ट्रिय परिचयपत्रसँग अन्तरसम्बन्धित गराइएको उल्लेख गर्दै उहाँले नामावलीलाई थप व्यवस्थित र त्रुटिरहित बनाउने काम अघि बढाइएको जानकारी दिनुभयो।

प्रवक्ता भट्टराईले देशको कूल जनसङ्ख्यामा महिलाको सङ्ख्या बढी रहे पनि मतदाता नामावलीमा भने पुरुष मतदाताको सङ्ख्या बढी देखिएको अवस्थाबारे पनि जानकारी गराउनुभयो। मतदाता नामावलीमा देखिएका यस्ता असन्तुलन र सुधार गर्नुपर्ने विषय छलफलमा प्रस्तुत गरिएको उहाँको भनाइ छ।

वित्तीय संघीयताका ...

जिम्मेवारीबाट पन्छिन मिल्दैन। प्रदेश सरकारले विगत नौ वर्षमा गरेका कामको तथ्य र उपलब्धि नागरिकसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ। कमजोरी स्वीकारेर सुधार गर्नुपर्छ। अधिकार पाएर काम गर्न नसक्ने सरकारको क्षमता बढाउनुपर्छ। जिम्मेवारी पाएर बजेट नपाउने सरकारलाई स्रोत दिनुपर्छ। अनावश्यक मन्त्रालय र कार्यालय घटाउनुपर्छ। आन्तरिक राजस्व परिचालन कमजोर भए त्यसलाई बढाउनुपर्छ।

यसैले सङ्घीयताको परीक्षा सिंहदरबारबाट कति अधिकार बाँडियो भन्नेमा होइन, कर्नालीको दुर्गम गाउँमा कति विकास पुग्यो भन्नेमा हुन्छ। प्रदेश बलियो नभई स्थानीय तह बलियो हुँदैन, स्थानीय तह बलियो नभई नागरिक बलिया हुँदैनन्। अधिकारको विकेन्द्रीकरणसँगै वित्तीय स्रोतको न्यायोचित विकेन्द्रीकरण, प्रशासनिक क्षमता र जिम्मेवारीको इमानदार कार्यान्वयन हुनसके मात्र सङ्घीयता संविधानका पानाबाट नागरिकको जीवनमा पुग्नेछ। यही नै वित्तीय सङ्घीयताका गाँठा फुकाउने र सङ्घीयतालाई सबल बनाउने बाटो हो।

एमालेको राष्ट्रिय ...

समाज तथा बौद्धिक समुदायसँग संवाद, सहकार्य र जनदबाब सिर्जना गर्न आह्वान गरेको छ। प्रवासी नेपालीको मताधिकार, नागरिकता, लगानी, रोजगारी र सामाजिक सुरक्षासम्बन्धी सरोकार सम्बोधन गर्नुपर्ने उल्लेख गर्दै खाडी क्षेत्रमा कार्यरत नेपाली श्रमिकको सुरक्षा सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराइएको छ।

भेलाले पार्टीको आन्तरिक जीवनमा सुधार, शुद्धीकरण र सुदृढीकरणलाई प्राथमिकतामा राखेको छ। त्यसमा पार्टीलाई वैचारिक, सङ्गठनात्मक र भावनात्मक रूपमा एकताबद्ध बनाउने, विगतका कमजोरी सच्याउने र उच्च मनोबलका साथ जनतामाझ जाने प्रतिबद्धता व्यक्त गरिएको छ।

पारित प्रस्तावमा युवा पुस्तासँग संवाद र सहकार्य बढाउने, उनीहरूको मनोविज्ञान र सरोकार बुझ्ने तथा पार्टी र आन्दोलनमा प्रभावकारी सहभागिता सुनिश्चित गर्ने उल्लेख छ। पार्टीका नेता तथा कार्यकर्तामा देखिएका विलासी जीवनशैली, जनताबाट टाढिने प्रवृत्ति, आर्थिक तथा आचरणगत विचलन र भ्रष्टाचारप्रति निर्मम हुने प्रतिबद्धता पनि व्यक्त गरिएको छ।

त्यस्तै, जिम्मेवारीअनुसार जवाफदेही हुने, पार्टी विधान, नियमावली र आचारसंहिताको पूर्ण पालना गर्ने, गुटबन्दी र अस्वस्थ प्रतिस्पर्धा अन्त्य गर्ने तथा अधिवेशन र बैठकमा स्वस्थ बहस र लोकतान्त्रिक विधिलाई सम्मान गर्ने सङ्कल्प गरिएको छ।

आगामी निर्वाचनमा जनता र कार्यकर्ताको भावना तथा निर्धारित विधिअनुसार उम्मेदवार छनोट गर्ने र पार्टीको निर्णयअनुसार उम्मेदवारलाई विजयी बनाउन सम्पूर्ण शक्ति परिचालन गर्ने प्रतिबद्धता पनि भेलाले गरेको छ।

भेलामा अध्यक्ष ओलीले 'आजका दुई कार्यभार र गर्नुपर्ने १५ काम', वरिष्ठ नेता विद्यादेवी भण्डारीले 'पार्टीमा नयाँ ऊर्जा, उत्साह र आत्मविश्वास सिर्जना गर्ने सङ्कल्प गरौं', उपाध्यक्ष रामबहादुर थापाले 'राष्ट्रिय स्वाधीनता, लोकतन्त्र तथा समृद्धिका लागि सङ्कल्प गरौं' विषयमा सम्बोधन गर्नुभएको थियो।

त्यसैगरी, उपाध्यक्ष विष्णु पौडेलले एमालेले देश र जनताको पक्षमा गरेका महत्त्वपूर्ण कार्य प्रस्तुत गर्नुभएको थियो भने महासचिव शङ्कर पोखरेलले पार्टीको शुद्धीकरण, सुदृढीकरण र स्थानीय निर्वाचनको तयारीका विषयमा प्रशिक्षणमूलक सम्बोधन गर्नुभएको थियो।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*